नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

पशु सेवा विभाग

केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र

# मत्स्य शुद्ध नश्ल श्रोत कार्यालय

भैरहवा, रुपन्देही

सूचना नं- १/२०८३/०८४

## माछाको तयारी दाना आपूर्ति सम्बन्धी कार्यको


## सिलबन्दी दरभाउपत्र फारम

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित मितिः- २०८३/०६/०२

दरभाउपत्र खरीद गर्ने अन्तिम मितिः- २०८३/०६/०८

दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिः-२०८३/०६/०९ गते १२:०० बजे सम्म ।

दरभाउपत्र खोल्ने मितिः- २०८३/०६/०९ गते दिनको २:०० बजे ।



दरभाउपत्र फारम दस्तुरः- रु. १०००.००

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशुसेवा विभाग
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र
मत्स्य शुद्ध नश्ल श्रोत कार्यालय
भैरहवा, रुपन्देही

## माछाको तयारी दाना आपूर्ति सम्बन्धी कार्यको शिलबन्दी दरभाउपत्र फाराम

## दरभाउपत्र आव्हानको सूचना

सूचना नं.-०१

प्रथम पटक प्रकाशित मितिः-२०८३/०६/०२

चालु आर्थिक बर्ष २०८३/८४ मा यस कार्यालयको लागि माछाको तयारी दाना आपूर्ति सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारद्वारा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा सप्लायर्सबाट रीतपूर्वकको दरभाउपत्र आव्हान गरिएको छ ।

१. दरभाउपत्र फाराम मिति २०८३/०६/०८ गते कार्यालय समय भित्र, आयकर दर्ता प्रमाण पत्र वा मु.अ.कर दर्ता प्रमाण पत्र, संस्था दर्ता तथा नवीकरणको प्रमाण पत्र, आ.ब.२०८२/८३ वा २०८१/८२ करचुक्ता प्रमाण पत्र को प्रतिलिपी संलग्न गरि लिखित निवेदन दिई खरीद गर्न सकिनेछ ।
२. दरभाउपत्र फाराम दस्तुर रु. १,०००।– (एक हजार मात्र, पछि फिर्ता नहुने गरी) लाग्नेछ।
३. खरीद गरिएका दरभाउपत्रहरु मिति २०८३/०६/०९ गते दिनको १२:०० बजे भित्र (उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।
४. दरभाउपत्रदाताले जमानत बापत रु. ५९३७५/- (उन्साठी हजार तीन सय पचहत्तर रुपैया मात्र) कृषि विकास बैंक लिमिटेडमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, भैरहवा, रुपन्देहीको धरौटी खाता नं.०४१४३०१०१४२५३०२७ (रकम जम्मा गर्न पठाउने कार्यालयको कोड नं. ३१२०२४८०२/मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, भैरहवा, रुपन्देही) मा नगद जम्मा गरेको भौचर वा दरभाउ दाखिला गरेको मितिबाट कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सोही रकम बराबरको बैंक जमानत पेश गर्नु पर्नेछ ।
५. रीतपूर्वक र म्याद भित्र दर्ता हुन आएका दरभाउपत्रहरु मिति २०८३/०६/०९ गते दिउसो २:०० बजे (उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) दरभाउपत्रदाता तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

रमेश जैसवाल
वरिष्ठ मत्स्य विकास अधिकृत
(रा.प. द्वितीय)

६. दरभाउपत्र फारमको निर्दिष्ट महलमा आफुले आपूर्ति गर्ने दाना तथा दाना पदार्थको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ ।

७. प्राप्त दरभाउपत्र कार्यालयले प्रचलित सार्वजनिक खरिद कानून तथा नियमावली बमोजिम मूल्यॉंकन गरी उपयूक्त दरभाउपत्र छनोट गर्नेछ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै कार्यालयमा निहीत रहनेछ ।

९. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा कार्यालयमा वाकार्यालयको सम्पर्क नं ०७१-४२९१४८ वा ९८५७०१२३१६ मा सम्पर्क गर्न सकिनेछ ।

१०. कार्यालयलाई उपलब्ध गराउने माछाको तयारी दानाको लट नं. र ल्याब परिक्षणरिपोर्टपेश गर्नुपर्नेछ ।

११. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन/नियमावली तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ

१२. कार्यालयको माग अनुसारको परिमाणमा पटक पटक गरी उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गर्नुपर्ने माछाको तयारी दाना देहाय बमोजिम रहेका छन ।

| क्र.स. | माछाको तयारी दानाको विवरण | स्पेसिफिकेशन | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | Floating Fish Feed for Carps | Floating Pellet, Min. 24% CP & 4 % Fat, Size 3-4 mm | के.जी. | ८००० | |
| २ | Floating Fish Feed for Carps | Floating Pellet, Min. 28% CP & 5 % Fat, Size 3-4 mm | के.जी. | ६३०० | |
| २ | Floating Fish Feed for Pangasius | Floating Pellet, Min. 28% CP & 5 % Fat, Size 3-4 mm | के.जी. | ३१५० | |
| ४ | Sinking Fish Feed for Carps | Sinking Pellet, Min. 24% CP & 3 % Fat, Size 3-4 mm | के.जी. | ७००० | |
| ५ | Fish Feed for Hatchlings | Dust Powder, Min. 32% CP & 5 % Fat | के.जी. | १००० | |
| | | जम्मा | | २५४५० | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र
मत्स्य शुद्ध नश्ल श्रोत कार्यालय
भैरहवा, रुपन्देही

रमेश जैसवाल
वरिष्ठ मत्स्य विकास अधिकृत
(रा.प.द्वितीय)